**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि तेलंगानाको दुई दिवसीय यात्रामा रहनुहुनेछ।

२. भारत र गुयानाबीच स्वास्थ्य, हाइड्रोकार्बन, कृषि र सम्बद्ध मामिला सगै अन्य क्षेत्रहरुमा सहयोग बढाउन १० वटा सम्झौतामा हस्ताक्षर भएको छ

३. प्रधानमन्त्री नरेन्द्र मोदीले कैरिकॉमका सदस्य राष्ट्रहरुको साथमा भारत सदैव उभिएको बताउनु भएको छ।

४. रक्षा मंत्री राजनाथ सिंहले 11औ आसियान रक्षा मंत्रिहरुको बैठकमा वियनतियानमा चीन, लाओस र मलेशियाका रक्षा मंत्रिहरुको साथ द्विपक्षीय बैठक गर्नुभयो।

५. केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) ले दशौ र बाह्रौको बोर्ड परीक्षा आगामी १५ फेब्रुअरीदेखि शुरु हुने घोषणा गरेको छ।

**राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि तेलंगानाको दुई दिवसीय यात्रामा रहनुहुनेछ। यसै क्रममा आज उहाँ हैदरावादमा हुने कोटी दीपोत्सवम–२०२४ कार्यक्रममा सहभागी रहनुहुनेछ भने भोली हैदरावादमा हुने लोक मन्थन–२०२४ कार्यक्रमको उद्घाटन सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**प्रधानमंत्री-गयाना दौरा**

भारत र गुयानाबीच स्वास्थ्य, हाइड्रोकार्बन, कृषि र सम्बद्ध मामिला सगै अन्य क्षेत्रहरुमा सहयोग बढाउन १० वटा सम्झौतामा हस्ताक्षर भएको छ यसका साथै चिकित्सा उत्पादन, जन औषधि योजना, सांस्कृतिक आदानप्रदान कार्यक्रम, गुयानामा यूपीआई प्रणालीको कार्यान्वयन र प्रसार भारती तथा गुयानाको राष्ट्रिय सञ्चारबीच प्रसारणको क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। यसवाहेक गुयानास्थित राष्ट्रीय रक्षा संस्थान र गुजरातको राष्ट्रीय रक्षा विश्वविद्यालयबीच पनि समझदारीपत्रमा हस्ताक्षर भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र गुयानाका राष्ट्रपति डा मोहम्मद इरफान अलीबीच हिजो साँझ जर्जटाउनमा भएको प्रतिनिधिमण्डलस्तरीय वार्तापछि दुई देशबीच उक्त सम्झौतामा हस्ताक्षर भएको हो।यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले एक संयुक्त वक्तव्य जारी गर्दै भारत र गुयाना सबै समस्यासमाधानका लागि संवाद र कूटनीतिको प्रयोग गर्नुपर्नेमा सहमत भएको बताउनु भयो भने विश्वव्यापी संस्थाहरूको सुधार समयको माग हो भन्ने दृष्टिकोणमा दुवै देश एकताबद्ध रहेको बताउनु भयो। श्री मोदीले भन्नुभयो, "वातावरणीय न्याय दुवै देशको साझा प्राथमिकता हो र उनीहरू सबै क्षेत्रमा प्रगतिका लागि प्रयास जारी राख्नेछन्।यसैगरी गुयानाका राष्ट्रपति डा मोहम्मद इरफान अलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको छलफल निकै फलदायी भएको बताउदै यसले द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन र क्षेत्रीय तथा विश्वव्यापी

चासोलाई सहयोगात्मक रूपमा सम्बोधन गर्न उनीहरूको साझा प्रतिबद्धतालाई पनि बलियो बनाएको उल्लेख गर्नुभयो । यसका साथै प्रधानमन्त्री मोदीको गुयाना भ्रमण दुई देशबीचको सहयोग अभिवृद्धिका लागि महत्वपूर्ण कोसेढुङ्गा भएको राष्ट्रपति इरफानले उल्लेख गर्नुभयो। पछि प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति इरफान अलीले 'एक पेड़ माँ के नाम' पहलअन्तर्गत जर्जटाउनमा वृक्षारोपण गर्नुभयो।यसअघि श्री मोदीलाई जर्जटाउनस्थित स्टेट हाउसमा गार्ड अफ अनर प्रदान गरिएको थियो । प्रधानमन्त्री नरेन्द्र मोदी हिजो तीन दिने भ्रमणका लागि गुयाना पुग्नुभएको हो भने उहालाई राष्ट्रपति मोहम्मद इरफान अली, प्रधानमन्त्री मार्क एन्थोनी फिलिप्स र एक दर्जनभन्दा अधिक क्याबिनेट मन्त्रीहरूले विमानस्थलमा स्वागत गरेका थिए। ५६ वर्षमा कुनै पनि भारतीय प्रधानमन्त्रीको गुयानाको यो पहिलो भ्रमण हो । आज प्रधानमन्त्री मोदीको गुयानाको संसदलाई सम्बोधन गर्ने तथागुयाना र क्यारेबियन क्षेत्रका प्रमुख क्रिकेटरसँग पनि अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ भने भारतीय प्रवासिहरुको सभालाई पनि सम्बोधन गर्ने कार्यक्रम छ ।

बाइट

****** ० ******

**प्रधानमंत्री-कैरिकॉम**

प्रधानमन्त्री नरेन्द्र मोदीले कैरिकॉमका सदस्य राष्ट्रहरुको साथमा भारत सदैव उभिएको बताउनु भएको छ । कोभिड वा प्राकृतिक प्रकोप, क्षमता निर्माण वा विकास जस्ता मुद्दाहरूमा भारत कैरिकॉम सदस्य राष्ट्रहरूको लागि भरपर्दो साझेदारको रूपमा उदाएको छ। गुयानाको जर्जटाउनमा आयोजित भारत–क्यारिकोम शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले शिखर सम्मेलन पाँच वर्षपछि हुन लागेको र यी पाँच वर्षमा विश्वले धेरै परिवर्तन देखेको बताउदै यस समयमा मानवजातिले धेरै ठूला कठिनाइहरूको सामना गर्नुपरेको छ, जसले ग्लोबल साउथका देशहरूलाई नराम्रोसँग प्रभावित पारेको उल्लेख गर्नुभयो। यसका साथै भारतले सँधै कैरिकॉमसँग मिलेर यी चुनौतीहरूको सामना गर्ने प्रयास गरेको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो। यसैगरी भारत– कैरिकॉम साझेदारीलाई थप मजबुत बनाउन मोदीले क्षमता निर्माण, कृषि र खाद्य सुरक्षा, नवीकरणीय ऊर्जा र जलवायु परिवर्तन, नवप्रवर्तन, प्रविधि र व्यापार, क्रिकेट र संस्कृति, महासागर अर्थव्यवस्था र समुद्री सुरक्षा, औषधि र स्वास्थ्य सेवा गरी सात प्रमुख प्रस्तावहरू प्रस्तुत गरेको बताउनु भयो ।

****** ० ******

**राष्ट्रपति - हरेकृष्ण महताब**

राष्ट्रपति द्रौपदी मुर्मूले भोली नया दिल्लीमा उत्कल केसरी हरेकृष्ण मेहताबको 125 औ जयंती समारोहको उद्घाटन गर्नुहुनेछ। सो अवसरमा हरकृष्ण महताबको सम्मानमा विशेष स्मारिका डाक टिकट र सिक्का पनि जारी गरिनेछ । हरकृष्ण महताबको जन्म २१ नोभेम्बर १८९९ मा ओडिशाको अगरपारामा भएको थियो। उनी एक इतिहासकार, स्वतन्त्रता सेनानी, राजनीतिज्ञ, लेखक, समाज सुधारक र पत्रकारको रूपमा चिनिन्छन्।

****** ० ******

**राजनाथ-लाओस यात्रा**

रक्षा मंत्री राजनाथ सिंहले हिज 11औ आसियान रक्षा मंत्रिहरुको बैठकको अवसरमा वियनतियानमा चीन, लाओस र मलेशियाका रक्षा मंत्रिहरुको साथ द्विपक्षीय बैठक गर्नुभयो । श्री सिंह, बैठकमा भाग लिन र क्षेत्रीय र अंतरराष्ट्रीय सुरक्षा मुद्दाहरुमा मंचलाई संबोधित गर्नका लागि लाओसको तीन दिवसीय भ्रमणमा हुनु हुन्छ । चीनका रक्षा मंत्री एडमिरल दोंग जुनको साथ आफ्नो बैठकको अवधि , रक्षा मंत्री राजनाथ सिंहले भारत-चीन सीमामा तनाव कम गरेर दुवै पक्षहरु बीच अधिक विश्वास र भरोसा बनाउनमा जोर दिनु भयो । श्रीसिंहले 2020 को दुर्भाग्यपूर्ण सीमा झड़पहरुदेखी सीख लिएको पाठमाथि विचारगर्न ,यस्ता घटनाहरुको पुनरावृत्तिलाई रोकनका लागी उपाय गर्न र भारत-चीन सीमामा शांति र सौहार्द बनाइ राख्ने आह्वान गर्नुभयो । दुवै पक्ष आपसी विश्वास र समझलाई पुनर्निर्माणको लागी एक रोडमैपको दिशामा मिलेर काम गर्नमा सहमत भएका छन् । मलेशियाका रक्षा मंत्री दातो सेरी मोहम्मद खालिद बिन नॉर्डिनको साथ आफ्नो बैठकमा ,दुवै पक्ष क्षेत्रमा सुरक्षा र स्थिरतालाई बढ़ावा

दिनका लागी सार्थक परिणामहरुमा एक अर्काको प्रयासहरुको समर्थन गर्नमा सहमत भएका छन् । दुवै नेता अघिल्लो वर्षको प्रथम तीन महिनामा मलेशिया-भारत रक्षा समितिको बैठकको आयोजनलाई लिएर उत्सुक छन् , जिसमा दुवै पक्ष द्विपक्षीय रक्षा सहयोगलाई अझ बलियो बनउने तरीकाहरुमा विस्तृत चर्चा गर्नेछन् । भारतमलेशियाले वर्तमानमा आतंकवाददेखि निपटनको लागी ए.डी.एम.एम. प्लस विशेषज्ञ कार्य समूहको सह-अध्यक्षता गरि रहेको छ ।

****** ० ******

## महाराष्ट्र और झारखंड

महाराष्ट्र र झारखण्डको विधानसभा चुनावका लागि भएको मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । निर्वाचन आयोगका अनुसार महाराष्ट्रमा ६५.०२ प्रतिशत र झारखण्डमा ६८.४५ प्रतिशत मतदान भएको छ । दुवै राज्यमा २०१९ को चुनावको रेकर्डलाई उछिनेको छ । यसैबीच महाराष्ट्रको कोल्हापुर जिल्लामा सबैभन्दा अधिक ७६.२५ प्रतिशत मतदान भएको छ भने झारखण्डको जामताडा जिल्लामा सबैभन्दा अधिक ७७.२९ प्रतिशत मतदान भएको छ । महाराष्ट्रका सबै २८८ विधानसभा निर्वाचन क्षेत्रमा एकै चरणमा मतदान भएको थियो भने झारखण्डको ३८ निर्वाचन क्षेत्रमा दोस्रो चरणमा मतदान भएको थियो । आयोगका अनुसार मतदानको सहजतासुधारका लागि विभिन्न उपाय र प्रेरणादायी अभियानका बावजुद महाराष्ट्रका शहरी मतदाताहरूको मुम्बई, पुणे र ठाणे जस्ता शहरहरूमा कम सहभागिताको निराशाजनक रेकर्ड रहेको छ।यसैगरी चार राज्यका १५ विधानसभा क्षेत्र र महाराष्ट्रको एक संसदीय निर्वाचन क्षेत्रमा पनि उपनिर्वाचन भएको थियो । उत्तर प्रदेशका केही विधानसभा निर्वाचन क्षेत्रमा मनपरी चेकजाँच र मानिसहरूलाई मतदान गर्नबाट रोकेको उजुरीलाई ध्यानमा राख्दै आयोगले मुरादाबाद, कानपुर र मुजफ्फरनगरका पुलिसलाई अनुसन्धानपछि नियम र दिशानिर्देशहरू उल्लङ्घन गरेको आरोपमा निलम्बित गर्न आदेश दिएको छ।

****** ० ******

## सीबीएसई - 10वीं, 12वीं परीक्षा तारीख

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) ले दशौ र बाह्रौको बोर्ड परीक्षा आगामी १५ फेब्रुअरीदेखि शुरु हुने घोषणा गरेको छ । कक्षा १० को परीक्षा 18 मार्च र कक्षा १२ को परीक्षा 4 अप्रैलमा सम्पन्न हुनेछ ।सीबीएसईले विद्यार्थीले प्रस्ताव गरेका विषयको परीक्षामा पर्याप्त अन्तर रहेको सुनिश्चित गरेको जनाएको छ । सीबीएसईले पहिलो पटक परीक्षाको लगभग ८६ दिन अघि डेटशीट जारी गरेको छ । यो विगतका वर्षहरूको तुलनामा उल्लेखनीय सुधार हो। कक्षा १२ का विद्यार्थीका लागि विभिन्न प्रवेश परीक्षाको मितिलाई ध्यानमा राखेर परीक्षाको मिति तय गरिएको सीबीएसईले जनाएको छ ।

****** ० ******

## प्रसार भारती-ओटीटी

राष्ट्रीय लोक प्रसारक प्रसार भारतीले आफ्नो ओटीटी प्लेटफर्म वेभ्स लन्च गरेको छ । गोवामा जारी ५५ औं अन्तर्राष्ट्रिय फिल्म महोत्सवको उद्घाटन समारोहमा यसको अनावरण गरिएको हो । डिजिटल स्ट्रिमिङ सेवाहरूको बढ्दो मागलाई पूरा गर्नुका साथै, वेभ्सले आधुनिक डिजिटल ट्रेन्डहरूलाई अँगालेर पुरानो यादहरुलाई ताजा पार्ने लक्ष्य राखेको छ। वेव्समा रामायण, महाभारत, शक्तिमान र हम लोग जस्ता कालजयी शोहरू समावेश छन्। यो प्लेटफर्मले दर्शकहरूलाई भारतको सांस्कृतिक र भावनात्मक विरासतसँग जोड्नेछ।प्रसार भारतीका अध्यक्ष नवनीत कुमार सहगलले अन्य ओटीटी प्लेटफर्मको तुलनामा वेभ्स अद्धितीय रहेको बताउदै यसले अन्य सेवाहरूको साथसाथै स्वच्छ र पारिवारिक मनोरञ्जन पनि प्रदान गर्ने बिस्वाश गर्नुभयो ।

****** ० ******